फोन नं. ०९९४००१९९

# दोधारा चाँदनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दोधारा चाँदनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प. सं.: २०८०।०८१ कृषि विकास शाखा
च. नं.:

मितिः २०८०।०५।२५

आलु बाली प्रदर्शन कार्यक्रममा सहभागी हुन आवेदन दिने बारे

सूचना। सूचना।। सूचना।।।

(प्रथम पटक प्रकाशित सूचना मितिः २०८०/०५/२५)

उपरोक्त विषय सम्बन्धमा यस दोधारा चाँदनी नगरपालिका कृषि विकास शाखाको आ. व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम लक्ष्य अनुसार प्रथम चौमासिक कार्यक्रम अन्तर्गत **"आलु बाली प्रदर्शन कार्यक्रम"** सञ्चालन गरिने भएकोले इच्छुक कृषकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तपसिल बमोजिमका कागजातहरू संलग्न राखी यस कृषि विकास शाखामा आवेदन पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघि आएका आवेदन माथि कुनै कारबाही नहुने व्यहोरा जानकारी गराइन्छ।

तपसिल:

१. कार्यक्रममा सहभागिताको लागि निवेदन,
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. आलु बाली खेतीको लागि कम्तीमा ५ कट्ठा क्षेत्रफल भएको जमिन प्रमाणित हुने कागजात (जग्गाधनी प्रमाणपत्र/चार किल्ला प्रमाणित/जमिनमा करार खेती गरेको भए सम्झौता पत्रको प्रमाणपत्र),
४. सम्बन्धित वडा कार्यालयको सिफारिस।

गणेश दत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत

गणेश दत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत

Email: agriculture.dcm@gmail.com
dcmun1015@gmail.com
website: www.dodharachandanimun.gov.np

मितिः २०८०/___/___

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

दोधारा चाँदनी नगरपालिका,

कञ्चनपुर

विषयः आलु बाली प्रदर्शन कार्यक्रममा सहभागी हुन पाऊँ बारे

महोदय,

प्रस्तुत विषयमा निवेदन यस प्रकार छ की, आलु बाली प्रदर्शन कार्यक्रममा सहभागी हुन म इच्छुक भएको र आवेदनको लागि आवश्यक पर्ने तपसिल कागजातहरू यसै निवेदनका साथ पेश गरेको हुँदा यो निवेदन स्वीकृत गरी कार्यक्रममा सहभागी गराइदिन हुन अनुरोध गर्दछु।

तपसिलः

१. वडा कार्यालयको सिफारिस,

२. जग्गाको क्षेत्रफल प्रमाणित हुने कागज,

३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

निवेदक

दस्तखतः

कृषकको नामः

ठेगानाः वडा नं. ___, टोलः_________

सम्पर्क नं.ः